गणेशमान चारनाथ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
विरेन्द्रवजार, धनुषा
२ नं. प्रदेश, नेपाल ।

**सूचना प्रविधि अधिकृत सेवा करारमा लिने सम्वन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७४/०८/२९

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत यस कार्यालयमा एक जना सूचना प्रविधि अधिकृत ( IT Officer ) सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजस्व तिरेको सहित यस कार्यालयमा दरखास्त आहवान गरिन्छ ।

१) पद :सूचना प्रविधि अधिकृत (IT Officer)

२) आवश्यक संख्या : १ (एक )

३) योग्यता : लोक सेवा आयोगले लिने कम्प्युटर अकिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट computer वा information and computer technologies वा सरहको विषयहरुमध्ये कुनै एक विषय लिई स्नातक ( BIT, BIM, BBIS,BCA, BCIS, BEIT, BSc IT, BSc CSIT ) उत्तीर्ण भएको ।

४. आवश्यक कागजात :

दरखास्त फारमसाथ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाण पत्र (नेपाल बाहिरको प्रमाण पत्र भए नेपालको मान्यता प्राप्त विश्वविद्यालयबाट equivalence गरिएको प्रमाणपत्र, कार्य अनुभव भए अनुभवको प्रमाणपत्र, १८ वर्ष उमेर पुरा भै ४० ननाघेको, दस्तुर बुझाएको सक्कलै भौचर, अन्य प्रचलित कानूनद्धारा अयोग्य नभएको ।

पुनश्चः दरखास्तसाथ पेश गरिएका सवै कागजातहरुमा उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

५. कार्य विवरा (TOR) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको वेभसाइट (lgcdp.gov.np) को गुह पृष्ठमा उल्लेख भएको सूचना बमोजिम हुने ।

६. आवेदन दस्तुर : रु.१०००/ ( एक हजार मात्र)

७. पारिश्रमिक : मासिक चालीस हजार ।

८. परीक्षण पद्धति : प्राप्त दरखास्तमध्येबाट शैक्षिक योग्यता, कार्य अनुभव र स्थायी ठेगानाको आधारमा मूल्यांकन गरी सूचीकृत गरिनेछ र सूचीकृत उम्मेदवारहरुवाट परीक्षा/अन्तवार्ता मध्ये दुवै वा एकको माध्यमबाट छनौट गरिनेछ । परीक्षा तालीका सूचीकृत पछि कार्यालयको सूचना पाटीमा टाँसिने छ ।

९. दरखास्त फारम ढाँचा : लोक सेवा आयोगले तोकेको ढाँचामा भरी यस नगरकार्यपालिकाको कार्यालयमा तोकिएको समय भित्र बुझाउन सकिनेछ ।

१०. संझौता र कार्य शुरु गर्नुपर्ने मिति : छनौट भएका उम्मेदवार र यस न.पा. बीच करार सेवामा कार्य गर्न छनौट भएको मितिबाट ७ दिनभित्र संझौता गर्नुपर्नेछ र कार्य प्रारम्भ गर्नुपर्नेछ । यदि सो समयभित्र संझौता गर्न नआएमा योग्यताक्रममा रहेका अन्य उम्मेदवारसँग संझौता गरिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**